नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

## मिति: २०८३/०५/१४

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा अकस्मात आएको विनाशकारी बाढीबाट प्रभावित विद्युत आयोजनासँग सम्बन्धित उद्धार, समन्वय तथा पुनःस्थापनाका कार्यलाई थप प्रभावकारी रूपमा अघि बढाउने क्रममा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट आज भएका प्रमुख कार्य तथा निर्णयहरू सम्बन्धमा निम्नानुसार रहेको व्यहोरा अनुरोध छ।

१. भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका कर्मचारी, मजदुर तथा सर्वसाधारणको खोजी तथा उद्धार कार्यलाई नेपाल सरकारले सर्वोच्च प्राथमिकतामा राखी उपलब्ध सम्पूर्ण जनशक्ति, स्रोतसाधन तथा प्रविधिको परिचालन गरिरहेको छ। प्रतिकूल मौसम, उच्च जोखिमयुक्त भौगोलिक अवस्था तथा प्राविधिक चुनौतीका बावजुद उद्धार कार्य निरन्तर जारी रहेको।

२. माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीज्यूले सम्पर्कविहीन कर्मचारीका परिवारजनसँग मन्त्रालयमा प्रत्यक्ष भेट गरी उद्धार कार्यको प्रगति, चुनौती तथा सरकारद्वारा भइरहेका प्रयासबारे जानकारी गराउनु भएको। संकटको समयमा उद्धारको यथार्थ अवस्था सम्बन्धित परिवारसम्म नियमित, विश्वसनीय र समयमै पुऱ्याउनु राज्यको महत्वपूर्ण दायित्व भएको उल्लेख गर्दै उहाँले परिवारजनको पीडाप्रति सरकार पूर्ण रूपमा संवेदनशील रहेको र नागरिकको जीवनरक्षाका लागि कुनै कसर बाँकी नराखिएको स्पष्ट पार्नुभएको। साथै माथिल्लो त्रिशूली-३ ए जलविद्युत् आयोजनाको सुरुङमा फसेका कर्मचारीका परिवारजनले चुनौतीपूर्ण परिस्थितिमा पनि समयमै उद्धार कार्य प्रारम्भ गरी निरन्तरता दिएकोमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री तथा उद्धारमा संलग्न सम्पूर्ण निकायप्रति धन्यवाद तथा आभार समेत व्यक्त गरेका।

३. माथिल्लो त्रिशूली-३ बी जलविद्युत् आयोजनास्थलमा नेपाली सेनासहित आयोजनाका प्रमुख, परामर्शदाता कम्पनीका प्रतिनिधि, साइट इन्जिनियर तथा अन्य प्राविधिक टोली परिचालित भई घटनास्थलको स्थलगत निरीक्षण, जोखिम मूल्याङ्कन तथा सुरक्षित उद्धार कार्य अघि बढाइरहेका। उद्धारमा संलग्न सबै निकायबीच आवश्यक समन्वय र कार्यविभाजनलाई थप प्रभावकारी बनाइएको।

४. माथिल्लो त्रिशूली-३ ए जलविद्युत् आयोजनाको केबल आउटलेट टनेलबाट सुरुङभित्र प्रवेश गरी उद्धार कार्य अघि बढाउने प्रयास तीव्र बनाइएको। नेपाल विद्युत् प्राधिकरणका विज्ञ प्राविधिक, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, तथा नेपाल प्रहरीको संयुक्त टोलीले सुरुङ प्रवेशमा अवरोध बनेका संरचना हटाउने, टनेल पोर्टल सफा गर्ने तथा सुरुङको माथिल्लो भाग (क्राउन) सुरक्षित रूपमा खोल्ने कार्य

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरवार, काठमाडौं।

प.सं. :
च.नं. :

सम्पन्न गरिरहेको। अहिले dewatering को कार्य समेत अगाडी बढाइएको। अक्सिजन, मेडिकल सामग्री, सञ्चार उपकरण तथा क्यामरासहित उद्धारकर्मीलाई सुरुङभित्र पठाउने तयारी अन्तिम चरणमा पुगेको। पोर्टलबाट करिब १८० मिटर अगाडि रहेको सम्भावित **Working Space** सम्म पुगेर त्यहाँको वास्तविक अवस्था, फसेका व्यक्तिको सम्भावित स्थान तथा सुरक्षाको अवस्था यथार्थ रूपमा मूल्याङ्कन गर्ने तयारी रहेको।

५. उद्धार सहायताका लागि आएको भारतीय टोली हाल त्रिशूली पुगेको छ। भारतीय टोलीले हेलिकप्टरमार्फत चिलिमे र लाङटाङ क्षेत्रको प्रारम्भिक अनुगमन (रेकी) गरी आवश्यकता अनुसार थप उद्धार कार्य अघि बढाउने योजना बनाएको छ। चिनिया टोलीले अपर त्रिशुली -१ (UT-1) आयोजनाको टनेलभित्र सर्च गरेको।

६. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बैठकमा माननीय मन्त्रीज्यूले उद्धार कार्यसँगै प्रभावकारी सूचना प्रवाह, अन्तरनिकाय समन्वय तथा पीडित परिवारसँग नियमित सम्पर्कलाई समान रूपमा प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको छ। साथै राहत तथा उद्धार सामग्रीको व्यवस्थापनका लागि स्पष्ट कार्यढाँचा निर्माण गरी वास्तविक आवश्यकता र उपलब्ध स्रोतवीच प्रभावकारी समन्वय कायम गर्न निर्देशन दिनुभएको।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले खोजी तथा उद्धार कार्यसँगै बाढीबाट प्रभावित विद्युत् प्रणाली, प्रसारण तथा वितरण संरचना र अन्य ऊर्जा पूर्वाधारको शीघ्र पुनःस्थापनाका लागि नेपाल विद्युत् प्राधिकरण, सुरक्षा निकाय तथा सम्वन्धित निकायहरूसँग समन्वय गरी आवश्यक जनशक्ति, उपकरण तथा स्रोतसाधन परिचालन गरिरहेको। रसुवामा बाढीका कारणबाट अवरुद्ध भएको विद्युत आपूर्ति संचालन गर्न नुवाकोटबाट रसुवामा विद्युत जोडी विद्युत प्रवाह गर्न खोलापारिबाट तार तान्ने कार्य निरन्तर जारी रहेको। चुनौतीपूर्ण परिस्थितिका बावजुद प्रभावित क्षेत्रमा विद्युत् आपूर्ति सुचारु गर्न प्राविधिक टोलीहरू निरन्तर परिचालन रहेका र उद्धार कार्य सम्पन्न नहुँदासम्म तथा प्रभावित क्षेत्रमा अवस्था सामान्य नहुँदासम्म मन्त्रालयले आवश्यक समन्वय, सहजीकरण र अनुगमनलाई निरन्तरता दिइनेछ।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता